# संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, (संशोधन) २०७७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७७/०१/०८

संवत २०७७ सालको अध्यादेश नं १

**संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना:** संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, (संशोधन) २०७७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ मा संशोधन:** संवैधानिक परिषद् (काम, कर्तब्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को,-

(१) उपदफा (६) झिकिएको छ ।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) उपदफा (३) बमोजिम परिषद्को बैठकको गणपुरक सङ्ख्या नपुगेमा वा उपदफा (५) बमोजिम निर्णय हुन नसकेमा अध्यक्षले कम्तीमा चौबीस घण्टाको समय दिई पुन: अर्को बैठक बोलाउन लगाउनेछ ।"

(३) उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) उपदफा (७) बमोजिम बोलाइएको बैठकमा अध्यक्ष सहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको गणपुरक सङ्ख्या पुगेको मानिनेछ र त्यस्तो बैठकमा अध्यक्ष सहित उपस्थित सदस्यको बहुमतबाट निर्णय हुन सक्नेछ । "

नेपाल कानून आयोग